३ नं प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, सिन्धुली

फोन.नं: ०४७ -५२०१६६, ५२१०
इमेल: akcsindhuli@gmail.com

मिती २०७५/११/१४

# प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रमका लागि प्रस्तावना आह्वानको लागि सूचना !!

कृषि ज्ञान केन्द्र सिन्धुली आ.ब. २०७५/७६ को वार्षिक स्वीकृत प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रमका लागि प्राङ्गारिक खेति तथा प्राङ्गारिक कृषि उत्पादन एवम बजारीकरण गर्न सिन्धुली जिल्लाका कृषक, कृषि फार्म, कृषक समूह, सहकारीले देहाय बमोजिमको कार्यक्रमको लागि यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्रस | कार्यक्रम | आवश्यकता | स्वीकृत संख्या | जम्मा बजेट(लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक उत्पादनको लागि प्लाष्टिक घर सुधार अनुदान | पहिले नै निर्माण भइ तरकारी उत्पादनमा प्रयोग भैरहेका प्लाष्टिक घर भएका हुनुपर्ने<br>उत्पादन क्लस्टर निर्माण गरि खुल्ला जमिन तथा सुधार गरिएका संरक्षित संरचनामा मिश्रित खेति गर्न चाहने कृषक समूह सहकारीलाई प्राथमिकता दिईनेछ | ६ | १६.५ | इन्सेक्ट नेट,उत्पादन खर्च, बजारीकरण प्रोत्साहन (६०%,८०%,१००% अनुदान) |
| २ | एकल फार्मको लागि खुल्ला जमिनमा प्राङ्गारिक उत्पादन | कम्तिमा १० रोपनीमा खेति गर्नुपर्ने | ५ | १० | भर्मीसेड निर्माण/भकारो सुधार/झोल मल उत्पादन गर्ने सामाग्री/जैविक विषादी/बिउ/ विरुवा/सिंचाई/ प्याकेजिङ्ग लेवलिङ्गमा ८०% अनुदान |
| ३ | प्राङ्गारिक खेति परीक्षण कार्यक्रम (pilot program) | आवेदक **कृषक समूह वा कृषि सहकारी** हुनुपर्ने,समूह वा सहकारीले उत्पादन गर्ने कृषकहरु र बजारीकरण गर्ने उधमीहरुसंग अग्रिम सम्झौता गरेको हुनुपर्ने,परिक्षण कार्यक्रम संचालन हुने क्षेत्रफल कम्तिमा ६० रोपनी हुनुपर्ने, कम्तिमा ७५% कृषकहरु पशुपालन गरेको हुनुपर्ने, | २ | २८ | भकारो सुधार, भर्मिकम्पोष्ट निर्माण, उत्पादन सामाग्री प्याकेजिङ्ग, लेवलिङ्गमा ८०% तथा ढुवानीमा प्रोत्साहन १००% |
| ४ | प्राङ्गारिक उत्पादनको लागि प्लाष्टिक घर बिस्तार अनुदान | एकल कृषकको हकमा कम्तिमा १५०० वर्ग मिटर क्षेत्रफलमा बढीमा ३ वटा प्लाष्टिक निर्माण गर्नुपर्ने<br>सामुहिक रुपमा नयाँ संरचनामा उत्पादन गर्न चाहने समुहका सदस्य संख्याको आधारमा प्रति सदस्य १५०० वर्ग मिटर क्षेत्रफल पर्ने गरि निर्माण गर्नुपर्ने | ८ | ५२.४ | प्लाष्टिक घर र उत्पादन खर्चमा ८०% अनुदान, बजारीकरण प्रोत्साहन १००% अनुदान |
| ५ | समूह वा सहकारीका लागि खुल्ला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान | कृषक समूह/सहकारीको कम्तिमा ६० रोपनीमा खेति गर्नुपर्ने | २ | २६.८८ | भर्मीसेड निर्माण/भकारो सुधार/झोल मल उत्पादन गर्ने सामाग्री/जैविक विषादी/बिउ/ विरुवा/सिंचाई/ प्याकेजिङ्ग लेवलिङ्गमा ८०% अनुदान |
| ६ | On farm organic market outlet | बजार खोल्ने समूह/सहकारीले कम्तिमा २० जना प्रांगारिक कृषि उत्पादक कृषकसंग करारनामा गरेको हुनुपर्ने | २ | १० | मार्केट आउटलेटको पूर्वाधार निर्माणको ८०% वा ५ लाख मध्ये जुन कम हुन्छ सो बराबरको अनुदान दिइनेछ |

पुनश्च :

१ यो कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहिले अनिवार्य रुपमा तल उल्लेखित ४ किसिमहरुमध्ये कुनै एक किसिमको उत्पादन पद्दति अबलम्बन गर्नुपर्नेछ।
क.प्रांगारिक उत्पादन अर्थात "Organic Certified Product".ख.प्रांगारिक रुपान्तरण उत्पादन अर्थात "Organic In-conversion Product
ग.रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन अर्थात "Product Without Use Of Chemical Pesticide" घ. परम्परागत कृषि उत्पादन अर्थात "Traditional Agriculture Product"

२ शहर आसपासका व्यवसायिक उत्पादन क्षेत्र,तत्काल पूर्ण प्रांगारिकमा जान कठिन, सिंचाई तथा सडकको पहुँच भएका क्षेत्रहरुमा उत्पादन क्लस्टर निर्माण गरि खुल्ला जमिन तथा संरक्षित संरचनामा धेरै जमिनमा मिश्रित रुपमा खेति गर्न चाहने समूह तथा सहकारीलाई प्राथमिकता दिईनेछ।

३ आलु, तरकारी, मसलाबाली,तथा केरा,मेवा जस्ता फलफुललाई विशेष प्राथमिकता दिइनेछ।

आवश्यक कागजातहरु

१. रु १० को हुलाक टिकट सहितको तोकिएको ढाचाँको आवेदन ।
२. समूह तथा सहकारीको हकमा प्रस्ताव सहित बैठकको निर्णय प्रतिलिपि, संस्था दर्ता/नबिकरण प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रतिलिपी।
३. खेति गरिने जग्गाको लालपुर्जाको सक्कल तथा नक्कलसाथै करारमा लिएको जग्गाको हकमा कम्तिमा ५ वर्षको करारनामा हुनुपर्नेछ।
४ . वडा कार्यालयको सिफारिश

**थप जानकारीको लागि**
कृषि ज्ञान केन्द्र सिन्धुली
०४७-५२०१६६,
५२१०४२
इमेल :
akcsindhuli@gmail.com
मा सम्पर्क गर्न सक्नुहुनेछ।

राजन ढकाल
प्रमुख